# भाग २

## श्री ५ को सरकार

## कानुन तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**२०५४ सालको ऐन नं. ५**

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## स्थानीय निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन

**प्रस्तावना : स्थानीय निर्वाचन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ मा संशोधन : स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को,-

(१) दफा २ को,-

(क) खण्ड (घ) को अन्त्यमा "सो शब्दले गाउँ विकास समिति र नगरपालिकाको वडा सदस्यलाई समेत जनाउनेछ ।" भन्ने वाक्यांश थपिएकोछ ।

(ख) खण्ड (छ) को,-

(१) उपखण्ड (१) को ठाउँ ठाउँमा रहेका "कुनै वडाको" भन्ने शब्दहरुको सट्टा "वडाध्यक्ष र वडा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपखण्ड (२) मा रहेका "गाउँ विकास समिति र नगरपालिकाका सदस्यहरु" भन्ने शब्दहरुको सट्टा "गाउँ परिषद् र नगर


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिषद्का निर्वाचित सदस्यहरु" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपखण्ड (३) मा रहेका "गाउँ विकास समिति र नगरपालिकाका सदस्यहरु" भन्ने शब्दहरुको सट्टा "गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरु" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १५ को,-

(क) खण्ड (क) मा रहेका "वडाको सदस्यको निर्वाचनको लागि २५ वर्ष" भन्ने शब्दहरुको सट्टा "वडाध्यक्ष र वडा सदस्यको निर्वाचनको लागि एक्काईस वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका "२५ वर्ष" भन्ने शब्दहरुको सट्टा "एक्काईस वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन् :-

"(ग) जिल्ला विकास समितिको इलाकाको सदस्यको निर्वाचनको लागि एक्काईस वर्ष उमेर पूरा भएको र सो इलाकाभित्रका गाउँ परिषद् वा नगर परिषद्का निर्वाचित सदस्य भएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) जिल्ला विकास समितिको सभापति वा उपसभापतिको निर्वाचनको लागि एक्काईस वर्ष उमेर पूरा भएको र सो जिल्लाभित्रका गाउँ परिषद् वा नगर परिषदका निर्वाचित सदस्य भएको ।"

(३) दफा १७ मा रहेका "दफा १० बमोजिम मतदान गर्न उमेर पुग्ने मिति सम्ममा २५ वर्ष" भन्ने शब्दहरुको सट्टा "मतदाता नामावली सम्बन्धी ऐन, २०५२ बमोजिम मतदान गर्न उमेर पुग्ने मिति सम्ममा एक्काईस वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मतदाता नामावली सम्बन्धी ऐन, २०५२ मा संशोधन</u> : मतदाता नामावली सम्बन्धी ऐन, २०५२ को दफा २ को खण्ड (ग) को,-

(१) उपखण्ड (२) मा रहेका "दफा ३ को उपदफा (१) बमोजिम तोकेको सम्बन्धित गाउँ विकास समितिको क्षेत्र तथा गाउँ विकास समितिको सदस्यहरुको" भन्ने शब्दहरुको सट्टा "दफा ३ बमोजिम तोकेको सम्बन्धित गाउँ विकास क्षेत्र तथा वडाध्यक्ष र वडा सदस्यहरुको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपखण्ड (३) मा रहेका "दफा ३ को उपदफा (१) बमोजिम तोकेका सम्बन्धित नगर पालिकाको क्षेत्र तथा नगर पालिकाका सदस्यहरुको" भन्ने शब्दहरुको सट्टा "दफा ३ बमोजिम तोकेको सम्बन्धित नगर क्षेत्र तथा वडाध्यक्ष र वडा सदस्यहरुको" भन्ने शब्दहरु राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ निष्कृय भएपछि त्यसको परिणाम : स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ निष्कृय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्कृयताले,-

(क) सो अध्यादेश निष्कृय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

**(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।**

लालमोहर सदर मितिः- २०५४।५।६।६

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



**मुद्रक :- मुद्रण विभाग, सिंहदरवार, काठमाडौं ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८४

मुद्रण विभाग, सिंहदरबार